# नेपालगञ्ज उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

नेपालगञ्ज, बाँके

लुम्बिनी प्रदेश, नेपाल

## औषधी तथा सर्जिकल मालसामान खरिद सम्बन्धी बोलपत्र आह्वानको सूचना

सूचना मिति : २०८३।०६।२२

सूचना नं. : NSMPC/G/NCB/2083/084/02

# नेपालगञ्ज उपमहानगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
## नेपालगञ्ज, बाँके

## औषधि तथा सर्जिकल मालसामान खरिद सम्बन्धि बोलपत्र आहवानको सूचना
**(सूचना प्रकाशित मिति :२०८३।०६।२२)**

नेपालगञ्ज उपमहानगरपालिकाको आ.ब.२०८३/८४ लागि आवश्यक पर्ने औषधी तथा सर्जिकल मालसामान खरिद गर्नु पर्ने भएकोले सम्बन्धित इजाजतपत्र प्राप्त इच्छुक व्यक्ति, फर्म, तथा कम्पनीबाट निम्न शर्तहरुको अधिनमा रही रित पूर्वकको २१ (एक्काइस) दिने सिलबन्दि (sealed hardcopy) बोलपत्र आह्वान गरिएको छ ।

१. अद्यावधिक नविकरण गरेको ईजाजतपत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र र मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.ब.२०८२।८३ सम्मको आयकर चुक्ता प्रमाणपत्रको प्रतिलिपि वा म्याद थपको पत्र र निवेदन सहित तोकिएको बोलपत्र दस्तुर (पछि फिर्ता नहुने) रु.३००० (अक्षरूपि तीन हजार) तिरी यस कार्यालयको राजस्व शाखा वा यस कार्यालयको नाममा रहेको वाणिज्य बैंक नेपालगंज स्थित आन्तरिक राजस्व खाता नं. ४१३०१००३०१०१०००२, खाताको नाम: NEPALGUNJ U.MA.NA.PA(GA-1-1)-AANTAR, कार्यालय कोडः ८०१०५५७०१, राजस्व कोड:१४२२९ मा जम्मा गरेको भौचर बोलपत्र कागजात साथ संलग्न गर्नु पर्नेछ ।

२. बोलपत्र सम्बन्धि आवश्यक कागजातहरु नेपालगंज उपमहानगरपालिकाको कार्यालयबाट खरिद गर्न अथवा यस कार्यालयको वेबसाइट **https://nepalgunjmun.gov.np/** बाट **download** गर्न सकिनेछ।बोलपत्र खरिद गर्ने समय सिमा २१ औं दिनको कार्यालय समय भित्र हुनेछ ।

३. दर्ता भएका बोलपत्रहरु २२ औं दिनको १२:०० बजे दरभाउपत्रदाता वा निजहरुका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ। दरभाउपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन।

४. दरभाउपत्र खरिदको अन्तिम दिन तथा दर्ता गर्ने वा खोल्ने दिन सार्वजनिक विदा परेमा सो को भोली पल्ट वा क्रमशः कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

५. बोलपत्र साथ १,५४,०००।०० (अक्षरुपी एक लाख चवन्न हजार रुपैया मात्र) रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक लि, स्थित यस कार्यालयको धरौंटी खाता नं. ४१३०१००३०३००००००२, खाताको नाम: NEPALGUNJ U.MA.NA.PA(GA-3)-DHARAUTI, कार्यालय कोडः ८०१०५५७०१ मा जम्मा गरेको भौचर वा मान्यत प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको प्रचलित कानुनले तोकेको मान्य अवधि भएको जमानीपत्र (विडवन्ड) पेश गर्नु पर्नेछ ।

६. दरभाउपत्र साथ सम्बन्धित दरभाउपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, खरिद कार्यबाहीमा आफनो स्वार्थ नबाझिएको र पेशा सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा व्यक्त गरेको स्व–घोषणा कागजातमा हस्ताक्षर गरेको र सहिछाप लगाएको हुनुपर्नेछ ।

७. दरभाउपत्रदाताले दरभाउपत्रमा दररेट भर्दा मूल्य अभिबृद्धि कर बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ ।

८. सारभूत रुपमा प्रभावग्राही दरभाउपत्रहरु मध्ये आइटमवाइज रुपमा औसत दर अनुसार फर्मको दरभाउपत्र स्वीकृत गरिनेछ ।

९. दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार उपमहानगरपालिकालाई हुनेछ। औषधी आपूर्ति गर्ने कम्पनीले फर्महरुको नाममा औषधिहरुको छुट्टाछुट्टै Manufactures Authorization Letter प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

१०. रित नपुगेको, म्याद नाघी प्राप्त भएको वा केरमेट भै अंक-अक्षर नबुझिने, दरभाउपत्रदाताको हस्ताक्षर नभएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।

११. औषधि खरिद गर्दा WHO-GMP Certified Company बाट उत्पादित औषधिहरु मात्र खरिद गरिने छ र बोलपत्रको साथमा सो को प्रतिलिपी पेश गर्नुपर्नेछ। बोतलमा आपूर्ति हुने औषधिहरु प्लाष्टीक बोतलमा भएको हुनु पर्नेछ र बांकी औषधीहरु स्ट्रीपमा हुनुपर्नेछ ।

१२. खरिद हुने औषधिहरुको म्याद सम्बन्धमा उक्त औषधिको यस कार्यालयमा बुझाउंदा सम्म Manufacturing Date बाट Expiry Date कम्तीमा ७५ प्रतिशत अवधि बांकी हुनुपर्नेछ। सो भन्दा घटी म्याद भएका औषधिहरु स्वीकार गरिने छैन ।

१३. औषधि आपुर्तीकर्ताले आपूर्ती गर्ने औषधिहरुको बोतल तथा स्ट्रीप लगायतका सम्पूर्ण औषधि तथा समाग्रीहरुमा **निःशुल्क वितरणका लागि** भन्ने उल्लेख भएको हुनु पर्नेछ ।

१४. आपूर्तिकर्ताले कबोल गरेको दररेटमा तोकिएको परिमाणमा औषधि उपलब्ध गराई सकेपछि पनि चालु आ.ब.२०८३/८४ मा यसै शीर्षकको स्वीकृत बजेट भित्रको बोलपत्रबाट घटाघट भई बाकी रकम बराबरको हकमा कार्यालयलाई थप परिमाण आबश्यकता भएमा सम्झौता बमोजिमकै दररेटमा थप परिमाण औषधि उपलब्ध गराउनु पर्नेछ ।

१५. अन्य हकमा प्रचलित कानुन बमोजिम हुनेछ।थप जानकारीको लागि कार्यालयको फोन ९८५८०४००४४ मा सम्पर्क गर्न सकिने छ ।

## खण्ड २ दरभाउपत्रदातालाई निर्देशन (Instruction to Bidder)

### खण्ड (क) प्राविधिक प्रस्तावना

१) दरभाउपत्रदाताले आ.ब.२०८३/८४ का लागी नविकरण गरेको कम्पनी वा फर्म दर्ता प्रमाणपत्र, व्यवसायी प्रमाणपत्र, आयकर तथा मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र गत आ.ब. को कर चुक्ता वा म्याद थपको प्रतिलिपि वादरभाउपत्र साथ पेश गर्नु पर्नेछ । उपरोक्त उल्लेखित कागजात हरु पेश नगरेको दरभाउपत्रदाताहरुको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

२) सार्वजनिक खरिद ऐन, २०६३ अनुसार दरभाउपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धि कसुरमा आफुले सजाय नपाएको, भनी लिखित रुपमा गरेको घोषणा पत्र बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

३) दरभाउपत्र पेश गर्दा सम्पुर्ण खर्च आफैले व्यहोर्नु पर्नेछ ।

४) दरभाउपत्रदाताले कवोल गरेको दररेट बमोजिमको विक्री मूल्य बाहेक अन्य कुनै खर्च यस कार्यालयले व्यहोरिने छैन ।

५) बोलपत्र खुलेको १२० दिनसम्म दरभाउपत्रको (Bid Validity) मान्य हुनेछ ।

६) आईटम वाईज रुपमा कबुल औसतदर अनुसार फर्मको दरभाउपत्र स्वीकृत हुने छ र इकाई दर अनुसार दरभाउपत्र सम्झौता हुने छ र थप वजेटको व्यवस्था भएको अवस्थामा बाहेक सुचनामा तोकिएको रकम बराबरको कार्यालयको आवश्यकता अनुसार एकमूष्ट वा पटक पटक गरि दरभाउपत्रदाताबाट कबोल दरमा आ.ब.२०८३/८४ अवधी भरी खरिद गरि लिन सक्ने छ र सोही अनुसारको रकम भूक्तानी हुने छ । कार्यालयले खरिद आदेश दिएको ३० दिन भित्र औषधी यस कार्यालयलाई सप्लाई दिई सक्नु पर्ने छ । सम्झौता अनुसारको अवधीमा औषधी आपूर्ति नगरेमा सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम कारवाही हुने छ ।

७) खरिद हुने औषधिहरुको म्याद सम्बन्धमा उक्त औषधिको यस कार्यालयमा बुझाउंदा सम्म Manufacturing Date बाट Expiry Date कम्तीमा ७५ प्रतिशत दिन बांकी हुनुपर्नेछ। सो भन्दा घटी म्याद भएका औषधिहरु स्वीकार गरिने छैन ।

८) टुटफुट तथा प्राविधिक समस्या भएको औषधीहरु कुनै हालतमा स्वीकार गरिने छैन ।

९) दरभाउपत्रदाताले दरभाउपत्र फारामको प्रत्येक पानामा नमिटिने मसीले आधिकारिक व्यक्तिले सही गरी फर्म वा कम्पनीको छाप लगाउनु पर्नेछ । यसो नगरेमा दरभाउपत्रलाई रित पुगेको मानिने छैन ।

१०) औषधी खरिद गर्दा WHO GMP Certified Company बाट उत्पादित औषधीहरु मात्र खरिद गरिनेछ ।

११) दरभाउपत्रपत्रदाताले औषधी ऐन बमोजिम औषधी व्यवस्था विभागबाट नविकरण भएको प्रमाणित प्रतिलिपी पेश गर्नुपर्ने छ ।

१२) प्राप्त हुन आएका दरभाउपत्रहरुको मूल्यांकन, दरभाउपत्र सम्बन्धी सूचना र दरभाउपत्र आव्हान फाराममा संलग्न शर्तहरु अनुसार गरिनेछ ।

१३) काबु बाहिरको परिस्थिति पर्न गई तोकिएको समयमा काम सम्पन्न हुन नसकेमा र यस्तो यस्तो कारण परी समयमा काम सम्पन्न हुन नसक्ने भनी स्वीकृत दरभाउपत्रदाताले आफुले सप्लाई गर्ने सामानहरुको सुची समेत संलग्न राखी लिखित रुपमा अनुरोध गरेमा तथा उक्त व्यहोरा यस कार्यालयलाई मनाशिब लागेमा नियमानुसार सम्झौताको म्याद थप गर्न सकिनेछ । उर्पयुक्त लिखित सम्झौताको म्याद समाप्त हुन अगावै स्वीकृत दरभाउपत्रदाताले यस कार्यालयमा पेश गर्नु पर्नेछ । साथै काबु बाहेक परिस्थिति परेको कारणबाट दरभाउपत्रदाता उपर पर्न गएको क्षतीको हकमा यो कार्यालय जिम्मेवार हुनेछैन ।

१४) सप्लाई हुने औषधीहरुको प्रत्येक Strip, Bottel, Tube, Packet र तिनिहरुको बाहिरी प्याकिगंमा समेत " निशुल्क वितरणका लागि " भन्ने अनिबार्य उल्लेख भएको हुनु पर्नेछ ।

१५) ठेक्का सम्झौता बमोजिम काम शुरु नगरेमा वा काम शुरु गरी बीचमा छोडेमा वा सम्झौता बमोजिम कामको प्रगति नगरेमा ठेक्का तोड्न सकिनेछ । सम्झौताको म्याद भित्र यस कार्यालयको स्टोरमा औषधी दाखिला गर्न नसकेको खण्डमा सार्वजनिक खरिद ऐन, २०६३ अनुसार कारवाही हुनेछ ।

१६) दरभाउपत्रदाताले दरभाउपत्रमा दररेट भर्दा मुल्य अभिवृद्धि कर वाहेकको दर रेट उल्लेख गर्नु पर्नेछ । दरभाउपत्र स्वीकृत भई कार्यालय र दरभाउपत्रदाता बीच सम्झौतामा उल्लेख भएको समानमा नेपाल सरकारले मुल्य अभिवृद्धि कर लाग्ने भनि तोकिएको समानको बिजकको आधारमा मू.अ.कर कार्यालयले भूक्तानी गर्नेछ ।

१७) दरभाउपत्रदाताले कवोल गरेको दररेट अंक र अक्षरमा केरमेट नगरी स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ । कतै केरमेट वा थपघट भए सो ठाँउमा आधिकारिक व्यक्तिको हस्ताक्षर भएको

हुनु पर्नेछ। गणितीय गलत भएमा कार्यालयले सच्चाई एकमुष्ट रकम कायम गर्नेछ र त्यसलाई दरभाउपत्रदाताले मान्नु पर्नेछ । ईकाई दर र कुल जम्मामा फरक परेमा ईकाई दरलाई मान्यता दिइनेछ ।

१८) सम्पुर्ण करहरु दरभाउपत्रदाता स्वयंले व्यहोर्नु पर्नेछ । कुनै पनि कर तिरेबापत तिरेको रकमको सोधभर्ना यस कार्यालय बाट दिइने छैन । दरभाउपत्रदाताले दरभाउपत्र फाराममा उल्लेखित शर्तको पूर्णरुपले पालना गर्नुपर्नेछ र उपरोक्त भनिएको विवरण अनिवार्य रुपले पेश गर्नु पर्नेछ ।

१९) प्रचलित नियामानुसार रित नपुगेको र म्याद नाघी आएको र शर्त राखिएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

२०) दरभाउलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आशिंक रुपमा स्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालय लाई सुरक्षित रहनेछ ।

२१) यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ अनुसार हुनेछ ।

दस्तखत............................................

दरभाउपत्रदाताको नाम :

ठेगाना :

छाप :

फोन नं. :

इमेल ठेगाना

मूल्यांकन वुँदाहरुको साराशं
(दरभाउपत्र दाताले अनिवार्य रुपमा भर्नु पर्ने)

बैंक जमानत संलग्न भएको नभएको ?(बैंकको नाम र ठेगाना समेत उल्लेख गर्ने )

.......................................................................................................................................

बैंक जमानत रकम तथा अवधि (उल्लेख गर्ने) ..............................................................................

.......................................................................................................................................
.

दरभाउपत्र फाराममा उल्लेख गरेको भुक्तानीको प्रक्रिया आफूलाई पूर्ण मान्य छ छैन ?

.......................................................................................................................................

दरभाउपत्र फाराममा उल्लेख गरेको विडवण्ड तथा परफरमेन्स वण्ड फुकुवा सम्बन्धी प्रक्रिया आफूलाई पूर्ण मान्य छ छैन?(उल्लेख गर्ने)

.....................................................................................................................

अन्य (केही उल्लेख गर्नु छ भने ) ...................................................................................

माथि उल्लेखित कागजातहरु दरभाउपत्र साथ सलंग्न राखेको हुनुपर्नेछ ।

## खण्ड (ख) अर्थिक प्रस्तावना

यस उपमहानगरपालिकाको राष्ट्रिय बाणिज्य बैक लि. नेपालगँज स्थित धरौंटी खाता नं. ४१३०१००३०३००००००२ मा उल्लेख भए बमोजिम दरभाउपत्रदाताले दरभाउपत्र सूचना अनुसारको रकम दाखिला गरेको सक्कलै भौचर वा दरभाऊपत्र खोलेको अन्तिम मिति दरभाउपत्रदाताले सार्वजनिक खरिद ऐन २०६३ बमोजिम म्याद थप भएको बैंक ग्यारेन्टि (विडबण्ड) दरभाउपत्र साथ पेश गर्नु पर्नेछ । विदेशी बैंकको बैंक ग्यारेन्टी नेपाली बैंकबाट Endorse भएको हुनुपर्नेछ । घटि म्याद वा घटि रकम समावेश भएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन । साथै दरभाउपत्र स्वीकृत भई सम्झौता सम्बन्धि कार्य सम्पन्न भएपछि मात्र धरौटी वा विटवण्डलाई नियमानुसार फिर्ता गरिनेछ ।

दरभाउपत्र स्वीकृत भएको सूचना प्राप्त भएको मितिले ७ (सात) दिनभित्र स्वीकृत दरभाउपत्रदाताले सार्वजनिक खरिद ऐन २०६३ बमोजिम हुने जमानत रकम राष्ट्रिय बाणिज्य बैक लि. नेपालगँज धरौंटी खाता नं. ४१३०१००३०३००००००२ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकबाट तोकिएको अवधी भएको कार्यसम्पदान जमानत पत्र वा परफरमेन्स वण्ड (सप्लाई गर्ने समानको डेलिभरि अवधि तथा वारेण्टी अवधि समेत समेट्ने म्याद भएको) साथ सम्झौता गर्न आउनु पर्नेछ । यसरी म्याद भित्र सम्झौता गर्न नआएमा वा सम्झौता बमोजिम औषधी तोकिएको समय भित्र सप्लाई नगरेमा नगद जमानत वा विडवण्ड वा परफरमेन्स वण्ड जफत गरिनेछ । सम्झौता बमोजिमका सम्पूर्ण कार्य सम्पन्न भए पश्चात उक्त परफरमेन्स वण्ड सार्वजनिक खरिद ऐन, २०६३ अनुसार फुकुवा गरिनेछ ।

### प्राप्त हुन आएका औषधीहरुको भुक्तानी प्रक्रिया निम्नानुसार हुनेछ

क) नेपाल सरकार द्वारा भ्याट लाग्ने भनी तोकिएका बस्तुहरुमा बिलमा उल्लेख भए बमोजिम नियमानुसार भ्याटको रकम भुक्तानी गरिनेछ ।

ख) समान बुझाएको बिल तथा दाखिला रिर्पोटको आधारमा भुक्तानी गरिनेछ ।

ग) बिलमा उल्लेखित रकममा १.५ प्रतिशत अग्रिम आयकर कट्टा गरि बांकी रकम भुक्तानी गरिनेछ ।

### १. प्राविधिक स्पेशिफिकेशनहरु

१.१ यस ठेक्का अनुसार आपूर्ति गरिने मालसामानहरु प्राविधिक स्पेशिफिकेशन हरुमा तोकिए बमोजिमको मापदण्डसंग मेल खाने हुनुपर्दछ ।

### २. कार्यसम्पादन जमानत कार्यसम्पादन जमानत निम्नानुसार हुनेछ ।

२.१ खरिदकर्ताबाट ठेक्का पाएको सूचना प्राप्त भएको ७ (सात) दिन भित्र आपूर्तिकर्ताले कार्यसम्पादन जमानत ठेक्काको शर्तमा उल्लेखित भए बमोजिम खरिद कर्ता लाई मान्य हुने फाराममा बुझाउनु पर्नेछ ।

२.२ कार्यसम्पादन जमानत सार्वजनिक खरिद ऐन, २०६३ अनुसार हुनेछ ।

२.३ कार्यसम्पादन जमानतको मान्यता अवधि (सप्लाई गर्ने सामानको Delivery Period तथा Warranty Period समेत अवधि भएको) आपूर्तिकर्तालाई तोकिए बमोजिम हुनुपर्ने छ । आपूर्तिकर्ताले तुरुन्तै मुनासिव तरिकाले मान्य अवधिको म्याद थप हुन गएमा वारेण्टी अवधिलाई समेत पुग्ने गरी थप गराउनु पर्नेछ ।

२.४ वारेन्टी अवधि समाप्त भई आपूर्तिकर्ताको दावी पेश भई सकेको ३० दिनभित्र कार्यसम्पादन जमानत फूकूवा गरिनेछ ।

### ३. निरीक्षण र परीक्षणहरु

३.१ खरिदकर्ता वा निजको प्रतिनिधिले आफ्नो हातभित्र ल्याई पु¥याएको मालसामानहरु प्रविधिक स्पेशिफिकेशन र कार्यसम्पादनको गुणस्तर बमोजिम छ कि छैन भनेर निरीक्षण तथा परीक्षण गर्न पाउने छ ।

### ४. प्याकिङ्ग

४.१ ठेक्का सम्झौता उल्लेख गरिए अनुसार आपूर्तिकर्ताले मालसामान गन्तव्य ठांउसम्म सुराक्षित पु¥याउन र कुनैपनि क्षति वा नोक्सानी हुन नदिन मालसामान लाई चांहिदो तरिकाले प्याकिङ्ग गर्नुपर्नेछ । सप्लाई हुने प्रत्येक बोटल र स्ट्रप यो औषधी निशुल्क वितरणको लागि भन्ने अनिवार्य वाक्यांश र उत्पादन मिति Expiry Date, Batch No उल्लेख हुनुपर्नेछ ।

## ५. वारेन्टी

५.१ आपूर्तिकर्ताले सम्झौता अनुसार उपलब्ध गराउने सम्पूर्ण मालसामानहरु सम्झौताको स्पेशिफिकेशन अनुसार भएको र कुनै त्रुटी नरहेको विश्वास दिलाउनु पर्दछ ।

५.२ ठेक्कामा उल्लेख भएबमोजिम मालसामानहरु तोकिएको ठांउमा पुगी Expiry/Warranty Period को अवधिसम्म यस्तो वारेन्टी मान्य रहनु पर्नेछ ।

५.३ यस्तो वारेन्टी अनुसार कुनैपनि कुराको दावी गर्नु परेमा खरिदकर्ताले आपूर्तिकर्तालाई तुरुन्त लिखित सूचना दिनुपर्नेछ । खरिद कर्तालाई खर्चभार नपर्ने गरी वदली दिनुपर्नेछ । आपूर्तिकर्ताले त्रुटिपूर्ण सामान हटाउनु पर्नेछ ।

## ६. मूल्य

६.१ ठेक्का सम्झौता अनुसार उपलब्ध गराएको मालसामान वापत दावी गरेको मूल्य सिलबन्दी दरभाउपत्रमा आपूर्तिकर्ताले उल्लेख गरेको मूल्य भन्दा फरक गर्न पाईने छैन ।

## ७. लिक्वीडेटेड **( Liquidated )**

७.१ यदि आपूर्तिकर्ताले ठेक्कामा तोकिएको समयावधि भित्र आपूर्ति गर्नुपर्ने मालसामान को केही अंश अथवा सम्पूर्ण सामान नै बुझाउन सकेन भने सार्वजनिक खरिद ऐन २०६३ तथा प्रचलित नेपाल कानून बमोजिम क्षति वापत कारवाही गरिनेछ ।

## ८. आधिकारिक भाषा

८.१ नेपाली अथवा अंग्रजी आधिकारिक भाषा हुनेछ ।

## ९. प्रचलित कानून

९.१ नेपालका कानूनलाई नै प्रचलित कानून मानिनेछ ।

## १०. सूचनाहरु

१०.१ खरिदकर्ताको पत्राचार गर्ने ठेगाना : नेपालगँज उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय ,नेपालगँज ।

१०.२ आपूर्तिकर्ताको पत्राचार गर्ने ठेगाना ................................................................................

## ११. कर तथा भन्सार शुल्कहरु

११.२ नेपाल सरकारले लगाएको सम्पूर्ण कर शूल्क लाईसेन्स फि तथा अन्य शूल्कहरु आपूर्तिकर्ताले नै वेहोर्नू पर्नेछ ।

## १२. प्याटेन्ट राईट्स

१२.१ ठेक्काको शर्तहरुमा उल्लेख भएअनुसार हुनु पर्नेछ ।

## १३. मालसामान पु¥याउने काम

१३.१ आपूर्तिकर्ताले यस कार्यालयमा आफ्नै खर्चमा मालसामान डेलीभरी दिनुपर्ने छ ।

## १४. वारेन्टी एक्सपायरी मिति

१४.१ खरिद हुने म्यादको सम्बन्धमा वोलपत्रको **Technical Specification** मा उल्लेख भए अनुसार हुनुपर्नेछ । औषधी दाखिलाको लागि आउदा सम्म औषधीको म्याद कम्तीमा ७५ प्रतिशत दिन बांकी हुनुपर्ने छ ।

## १५. मूल्य

१५.१ ठेक्काको शर्तहरुमा उल्लेख भए अनुसार हुनुपर्नेछ छ ।

## १६. आदेशमा परिवर्तन

१६.१ ठेक्काको शर्तमा उल्लेख भए अनुसार हुनेछ ।

दस्तखत..................

दरभाउपत्रको नाम

ठेगाना र छापः

फोन नं. र इमेल ठेगानाः

# Nepalgunj Sub Metropolitan City

## Price Schedule

Sealed Quotation No......................................................

Procurement of Essential Drugs and Surgical Goods for health institutions

Name of Bidder________________________

| S.N. | Name of Drugs | Forms/Unit | Quantity | Country of Origen | Unit Price Delivery Nepalgunj SMC Banke (in NPR) | | Total Amount (NPR) |
|---|---|---|---|---|---|---|---|
| | | | | | In Figure | In Words | |
| 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 = 4 x6 |
| 1 | Acetylsalicylic acid (aspirin) 75mg | Tablet | 5000 | | | | |
| 2 | Albendazole Chewable 400mg | Tablet | 40000 | | | | |
| 3 | Albendazole Suspension 200mg/5ml | Phial | 2300 | | | | |
| 4 | Alumunium hydroxide 250mg+mag hydroxide 250mg | Tablet | 42000 | | | | |
| 5 | Amoxycilline Syrup 125mg/5ml, 100ml | Phail | 4500 | | | | |
| 6 | Amoxycilline 500 mg | Capsule | 100000 | | | | |
| 7 | Amoxycilline Dispersible 250 mg | Tablet | 70000 | | | | |
| 8 | Azithromycin 250mg | Tablet | 15000 | | | | |
| 9 | Azithromycin 500mg | Tablet | 20000 | | | | |
| 10 | Calamine Lotion 15 w/v,30ml | Phail | 6500 | | | | |
| 11 | Cefixime 200mg | Tablet | 30000 | | | | |
| 12 | Cetirizine 10mg | Tablet | 140000 | | | | |
| 13 | Cetirizine 5mg/5ml Syrup | Phail | 2500 | | | | |
| 14 | Ciprofloxacin 250mg | Tablet | 15000 | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| 15 | Ciprofloxacin 500mg | Tablet | 25000 | | | | | |
| 16 | Ciprofloxacin Eye/Ear Drop 0.3% w/v 5ml | Phail | 9000 | | | | | |
| 17 | Ciprofloxacn Eye Oinment 0.3%, 5gm | Tube | 1500 | | | | | |
| 18 | Clotrimazole Skin Cream 1%,25gm | Tube | 9000 | | | | | |
| 19 | Clotrimazole Vaginal 100 mg | Tablet | 1500 | | | | | |
| 20 | Clotrimazole Mouth Paint 1% w/v, 15 ml | Tube | 1500 | | | | | |
| 21 | Clove oil Liquid 5ml | Phail | 1500 | | | | | |
| 22 | Cloxacillin 250mg | Capsule | 5000 | | | | | |
| 23 | Cloxacillin 500mg | Capsule | 18000 | | | | | |
| 24 | Sulphamethaxazole 400mg +Trimethoprim 80mg | Tablet | 15000 | | | | | |
| 25 | Sulphamethaxazole 800mg +Trimethoprim 160mg | Tablet | 15000 | | | | | |
| 26 | Cotrixazole Syrup 200mg+ 40mg/ 5ml, 50ml | Phail | 2300 | | | | | |
| 27 | Diclofenac sodium 50mg | Tablet | 25000 | | | | | |
| 28 | Doxycycline 100mg | Capsule | 25000 | | | | | |
| 29 | Ferrous Sulphate 60mg+Folic Acid 0.4mg | Tablet | 450000 | | | | | |
| 30 | Fluconazole 150 mg | Capsule | 8000 | | | | | |
| 31 | Folic Acid 5 mg | Tablet | 25000 | | | | | |
| 32 | Furosemide 40mg | Tablet | 3000 | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 33 | Gentian Violet 1% Solution 10 ml | Phail | 3000 | | | | |
| 34 | Hyoscine Butylbromide 10 mg | Tablet | 23000 | | | | |
| 35 | Ibuprofen 200 mg | Tablet | 6500 | | | | |
| 36 | Ibuprofen 400mg | Tablet | 80000 | | | | |
| 37 | Ibuprofen Syrup 100mg/5ml | Phail | 1200 | | | | |
| 38 | Lignocaine Hydrochloride 2% 30 ml injection | Vail | 50 | | | | |
| 39 | Lignocaine 2% with Adrenaline 1:10000 Injection, 30ml | Vail | 50 | | | | |
| 40 | Metoclopramide 10mg | Tablet | 15000 | | | | |
| 41 | Metronidazole 200 mg | Tablet | 6500 | | | | |
| 42 | Metronidazole 400mg | Tablet | 80000 | | | | |
| 43 | Metronidazole Susp. 200mg/5ml, 60ml | Phail | 2300 | | | | |
| 44 | Neomycin Ointment 2% w/w, 10gm | Tube | 4000 | | | | |
| 45 | NitroFuration 100 mg | Tablet | 1200 | | | | |
| 46 | Normal Saline (NS) (0.9%), solution, 500ml | Bottle | 400 | | | | |
| 47 | Oral Rehydration Salts (ORS) | Sacket | 25000 | | | | |
| 48 | Oxymetazoline Nasal drops 0.025%, 10ml | Phail | 1000 | | | | |
| 49 | Paracetamol 500mg | Tablet | 350000 | | | | |
| 50 | Paracetamol Susp. 60ml,125mg/5ml | Phail | 2300 | | | | |
| 51 | Permethrin Lotion 1% | Phail | 3300 | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | 100 ml | | | | | | |
| 52 | Povidone iodine Solution 5% w/v, 500ml | Phail | 225 | | | | |
| 53 | Ranitidine 150 mg | Tablet | 130000 | | | | |
| 54 | Ringer's Lactate (RL) 500ml | Bottle | 250 | | | | |
| 55 | Salbutamol Solution For Nebulisation (Inhaler) 1mg/ml of 15 ml, 100mcg | set | 200 | | | | |
| 56 | Salbutamol Oral liquid 2mg/5ml | Phail | 4000 | | | | |
| 57 | Silver sulfadiazine Cream 0.2% w/v 15g | Tube | 7000 | | | | |
| 58 | Tetracycline Eye ointment 1%, 5g | Tube | 1000 | | | | |
| 59 | Tinidazole 500mg | Tablets | 6000 | | | | |
| 60 | Vitamin B complex | Capsule | 130000 | | | | |
| 61 | Metformin 500 mg | Tablet | 35000 | | | | |
| 62 | Amlodipine 5 mg | Tablet | 35000 | | | | |
| 63 | Zinc sulphate 20mg | Tablet | 20000 | | | | |
| 64 | Absortion Cotton 400 g | Roll | 221 | | | | |
| 65 | Adhesive Tape 4" | Roll | 100 | | | | |
| 66 | Bandage 90cmx18M | Than | 300 | | | | |
| 67 | Gauze 90cmx18 M | Than | 300 | | | | |
| 68 | Catgut 2.0 | Packet | 60 | | | | |
| 69 | Disposable Syringe 3ml | Piece | 2500 | | | | |
| 70 | Disposable syringe 5ml | Piece | 2550 | | | | |
| 71 | I and D set | Set | 15 | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 72 | IV Infusion Set with 21G Needle | Piece | 300 | | | | |
| 73 | IV Canula 18 | Piece | 100 | | | | |
| 74 | IV Canula 20 | Piece | 300 | | | | |
| 75 | IV Canula 22 | Piece | 100 | | | | |
| 76 | Rectified Spirit 500 ml | Bottle | 60 | | | | |
| 77 | Rubber Catheter | Piece | 30 | | | | |
| 78 | Silk 2.0 | Piece | 79 | | | | |
| 79 | Surgical Blade | Piece | 300 | | | | |
| 80 | Surgical Gloves 6.5 | Pair | 2000 | | | | |
| 81 | Surgical Gloves 7 | Pair | 1500 | | | | |
| 82 | Examinations Gloves Loose | Piece | 6000 | | | | |
| | Total | | | | | | |

दस्तखत.................

दरभाउपत्रको नाम
ठेगाना
छाप
फोन नं.
इमेल ठेगाना